निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

# निर्वाचन सामग्री खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/११/११)

ठेक्का नं.१/NCB निर्वाचन सामग्री/०७७।७८

१. सम्वत् २०७८ साल वैशाख १७ गते र ऐ. २७ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाल सरकारको बजेटबाट मतदान केन्द्रहरूमा प्रयोग हुने विभिन्न निर्वाचन सामग्री खरिद गर्नुपर्ने भएको हुदाँ ग्राह्य बोलपत्रदाताहरूका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विशेष ठेक्का नं. | सामानको विवरण (स्पेसिफिकेशन तथा नमूना अनुसार) | बोलपत्र जमानत रकम रु. | विगत तीन आ.व.को औषत कारोबारको न्यूनतम अंक रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| S-1 | छपाइ सम्बन्धी (मतपेटिका स्टीकर र परिचयपत्र) | ६ लाख | १ करोड २५ लाख | ५०००/- |
| S-2 | छपाइ सम्बन्धी (पोलबुक तथा कार्डहरू) | २ लाख | ४० लाख | ३०००/- |
| S-3 | सुरक्षण सिल र रबर म्याट | १० लाख | २ करोड | ५०००/- |
| S-4 | स्वस्तिक छाप (रबर र पित्तल) | ३ लाख | ६० लाख | ३०००/- |
| S-5 | नउड्ने मसीको मार्कर | ५ लाख | १ करोड | ३०००/- |
| S-6 | छेकाबारा | ९ लाख | २ करोड | ५०००/- |
| S-7 | स्ट्याम प्याड र मसी | १० लाख | २ करोड १० लाख | ५०००/- |
| S-8 | सोसर, प्लाष्टिक थैलो र बोरा | ४ लाख | ८० लाख | ३०००/- |
| S-9 | फोटोकपी पेपर, ग्लूस्टीक तथा कोरा कपडा र थैलो | ७ लाख | १ करोड ५० लाख | ५००० - |
| S-10 | स्ट्याप्लर मेशीन र पीन, स्केल तथा कैची | ३ लाख | ७५ लाख | ३०००/- |
| S-11 | जेलपेन (कालो र रातो), मार्कर पेन, पञ्चिङ मेशीन र लाहा | ९ लाख | २ करोड | ५०००/- |

२. बोलपत्रदाताहरूले थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरू अध्ययन गर्न चाहेमा वा सामग्रीको नमूना हेर्न चाहेमा यस आयोगको जिन्सी फाँटमा सम्पर्क राख्न सकिनेछ ।

३. बोलपत्रदाताहरूले आफूले चाहेको समूहको बोलपत्र सम्बन्धी कागजातहरू खरिद गर्नको लागि कम्पनी/फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।७७ सम्मको कर चुक्ता प्रमाणपत्र र विगत तीन आर्थिक वर्षको औषत कारोबारको न्यूनतम अंक प्रमाणित हुने कागजातको प्रतिलिपी र तोकिएको बोलपत्र दस्तुर बुझाएको नगदी रसिद सहित मिति २०७७ फागुन १७ गते कार्यालय समयभित्र लिखित निवेदन पेश गरेमा यस आयोगको जिन्सी फाँटबाट बोलपत्र सम्बन्धी कागजातहरू प्राप्त गर्न सकिनेछ ।

राजकुमार श्रेष्ठ
सह-सचिव

४. बोलपत्र सम्बन्धी कागजात यस आयोगको जिन्सी फाँटमा मिति २०७७ फागुन १८ गते दिनको १२ बजेसम्म बुझाउनु पर्नेछ । बोलपत्र दर्ता गर्दा माथि बुँदा नं. १ को तालिकामा उल्लेखित ठेक्का नं.१/NCB निर्वाचन सामग्री/०७७/७८ विशेष ठेक्का नं. र सो सम्बन्धी सामानको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

५. म्यादभित्र पेश हुन नआएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

६. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरू उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा २०७७ फागुन १८ गते दिनको १ बजे यस आयोगमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाले जारी गरेको तोकिए बमोजिमको बोलपत्र जमानत पेश गर्नुपर्ने छ । बोलपत्र जमानत वापतको रकम नगद राख्न चाहेमा कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००२०३०००००० आयोगको कार्यालय कोड नं. २१२००३५०१ मा रकम दाखिला गरी सोको सक्कल भौचर अनिवार्य रुपमा संलग्न गरी पेश गर्नुपर्ने छ ।

८. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा पनि सोही दिन उक्त कार्यहरू हुनेछन् ।

९. विशेष परिस्थितिका कारणले एउटा बोलपत्रदाताले यस सूचना अनुसारका S-1 देखि S-11 सम्मका समूहमध्ये कुनै एउटा मात्र समूहको लागि बोलपत्र कागजात खरिद गर्न पाउने छन् ।

१०. सामग्रीको विस्तृत स्पेसिफिकेशन बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र स्वीकृत भई सम्झौता हुने बोलपत्रदाताले अनिवार्य रुपमा सोही स्पेसिफिकेशन अनुसारका निर्वाचन सामग्री आपूर्ति गर्नुपर्ने छ ।

११. बोलपत्र खोलिएको सामान्यतया तीन दिनभित्र बोलपत्र स्वीकृत गरिने छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि अवस्थामा रहेको बोलपत्र कारण जनाई वा नजनाई रद्द गर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ ।

१२. बोलपत्र स्वीकृत भएको सूचना स्वीकृत भएकै दिन आयोगको सूचना पाटीमा प्रकाशन गरी आयोगको वेबसाइटमा समेत राखिने छ । बोलपत्र स्वीकृत भएको जानकारी सम्बन्धित बोलपत्रदातालाई टेलिफोन वा इमेलबाट समेत जानकारी गराइने छ ।

१३. बोलपत्र स्वीकृत भएको जानकारी पाएको (इमेलसमेत) मितिले सात दिनभित्र सम्झौता मितिले एक वर्ष अवधि मान्य हुने नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट आयोगको नाममा जारी भएको कार्य सम्पादन जमानत वा सो रकम बराबरको नगद धरौटी माथि बुँदा नं. ७ मा उल्लिखित खातामा जम्मा गरी सोको सक्कल भौचर र सामान आपूर्ति गर्ने समय तालिका सहित सम्झौताको लागि अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ । उक्त अवधिभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले बोलपत्र जमानत वापत राखेको धरौटी आयोगले जफत गरी अन्य बोलपत्रदातासँग सम्झौता गरी निर्वाचन सामग्री खरिद गर्न सकिने छ ।

१४. बोलपत्र स्वीकृत भई सम्झौता भएको बीस दिनभित्र सम्पूर्ण निर्वाचन सामग्री आयोगमा बुझाउनु पर्नेछ ।

१५. संयुक्त उपक्रम (Joint Venture) बाट बोलपत्र खरिद गर्न पाइने छैन ।

१६. बोलपत्र आव्हानको सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा कुनै त्रुटि भएमा त्यसलाई सच्याउने, संशोधन र हेरफेर गर्ने अधिकार यस आयोगमा हुनेछ ।

१७. यस सूचनामा उल्लेख भएको व्यहोरा यसै सूचना बमोजिम र सूचना बाहेकको अन्य व्यवस्था प्रचलित कानून तथा निर्वाचन आयोग ऐन अनुसार हुनेछ ।

१८. यो बोलपत्र आव्हानको सूचना प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७८ प्रयोजनको लागि विशेष परिस्थितिमा प्रकाशन गरिएको छ ।

राजकुमार श्रेष्ठ
सह-सचिव